नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

## संवत् २०७९ साल साउन ९ गते सोमवारका बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना पहिलो चरण कार्यान्यनको लागि स्वीजरल्याण्ड सरकारवाट प्राप्त हुने स्वीस फ्रैंक ७.४७ मिलियन (करीब रु. ९५ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २. | अर्थ मन्त्रालय | सबैको लागि दिगो खानेपानी तथा सरसफाई (Sustainable WASH for All) आयोजनाको लागि यूरोपियन युनियनबाट प्राप्त हुने यूरो १०.५ मिलियन (करिब १ अर्ब ३७ करोड रुपैंयाँ) अनुदान सहायता स्वीकार गर्ने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद थप सम्बन्धी समयभित्र निवदेन दिन नसकि म्याद थप हुन नसकेका तर भौतिक संरचना निर्माण लगायतको कार्य गरिरहेका वा सञ्चालनमा आइसकेका उद्योगले म्याद थपको लागि निवेदन दिएमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण कार्यलगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी प्रचलित कानून बमोजिमको बिलम्ब शुल्क लिई उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम म्याद थप गर्न सक्ने गरी बाधा अड्काउ फुकाउको आदेश जारी गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति दिने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विश्व व्यापार संगठन, नेपालको आयात व्यवस्थापन सम्बन्धी कानुन र अभ्यास समेतका आधारमा आयात व्यवस्थापन तथा न्यूनीकरण गर्न; नेपाल सरकारले तत्काल लिनुपर्ने निर्णयबारे सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने। |
| ५. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | फिनल्याण्डमा मिति २०७९ साउन २६ देखि भदौ १ गतेसम्म हुने उच्चस्तरीय अध्ययन भ्रमणमा माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री पम्फा भुसाल तथा सचिव (सिंचाइ) सागर कुमार राईलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ६. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | २०७९।४।३० देखि २०७९।५।१० सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा संचालन हुने Inter-Governmental Conference को पाँचौ सत्र (IGC-V) मा नेपालको तर्फबाट सहभागिताका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र सहसचिव कोशलचन्द्र सुवदीको भ्रमण स्वीकृत गर्ने। |
| ७. | परराष्ट्र मन्त्रालय | नेपाली मूलका पोलिस नागरिक डा. बोधराज सुवेदीलाई पोल्याण्डको वार्सा क्षेत्रभर कार्यक्षेत्र तोकी नेपालको अवैतनिक वाणिज्यदूत नियुक्त गर्ने। |
| ८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | तुर्कमेनिस्तानको आशागावतमा २०७९ साउन ३० र ३१ मा हुने Ministerial Transport Conference for LLDCs मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देललाई सहभागी हुन स्वीकृति दिने। |
| ९. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | चलचित्र विकास बोर्डको अध्यक्ष पदमा श्री भुवन के.सी. (काठमाण्डौ) लाई मनोनयन गर्ने। |
| १०. | सहरी विकास मन्त्रालय | गोरखा जिल्ला साविक वारपाक गा.वि.स. वडा नं. ५ स्थित १५ जना जग्गाधनीको नाममा रहेको ६-१०-३-० रोपनी जग्गा नेपाल सरकारले भूकम्प स्मृति पार्क निर्माण गर्नका लागि "भूकम्प स्मृति पार्क, गोरखा" को नाममा प्राप्त गरी उक्त जग्गाको सट्टामा "भूकम्प स्मृति पार्क, गोरखा"को नाममा प्राप्त हुने जग्गामा नबढ्ने गरी सट्टाभर्ना दिनको लागि सहमति प्रदान गर्ने। |
| ११. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको सदस्य पदमा डा. प्रकाशराज रेग्मी र डा.नविन चन्द्र गौतमलाई मनोनयन गर्ने। |
| १२. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय जनस्वास्थ्य समितिको सदस्यमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिलाई मनोनयन गर्ने। |